## घ्याङलेख गाउँपालिका हायूटार
## बागमती प्रदेश, नेपाल

Nutrition and Food Security Nepal

# पोषण सुधारका लागि सामुहिक प्रतिवद्धता

२०८० जेष्ठ १ गते

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरु, विकास साझेदारहरु, निजि क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुबाट २०६९ साल असोज ४ गते प्रतिबद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०८० कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको सविधानमा संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट रुपमा उल्लेख भएका छन । आज यो कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०८० जेठ १ गते यस घ्याङलेख गाउँपालिकाका निर्वाचित पदाधिकारिहरु र सरोकारवालाहरु सबै हामी पोषणमैत्री स्थानीय शासनको अभिमुखिकरणमा उपस्थित भई निम्न अनुसारका क्रियाकलाप पुर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई हाम्रो पालिकामा बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयन गरी पोषण मैत्री स्थानीय शासन अबलम्बन गर्ने प्रतिबद्धता गर्नेछौ ।

## प्रतिवद्धताः

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौ ।
२. नि.शुल्क तथा गुणस्तरीय उपचारका लागी प्रत्येक वडामा भएका स्वास्थ्य संस्था माफर्त गुणस्तरीय स्वास्थ्य र पोषण सेवाको सुनिश्चितता गर्नेछौ ।
३. गर्भवति, सुत्केरी आमा र बालबालिकालाई पोषण प्रोत्साहन सामाग्रीको उपलब्धताको लागी विशेष कार्यक्रम गर्नेछौं ।
४. २ वर्ष मुनिका बालबालिकाको बृद्धि अनुगमनको प्रभावकारीताको लागी बाल पोषण अनुदानसंग आवद्धता गरी वितरण गर्ने र ठोस कार्यक्रम सन्चालन गर्ने ।
५. सुरक्षित खानेपानी र सरसफाई व्यवस्था सुनिश्चित गर्नेछौ र पुर्ण सरसफाई अभियान सन्चालन गर्ने ।
६. विभिन्न तहमा भएका प्रतिबद्धता, कार्य योजना र समन्वय संयन्त्र सहित कार्यान्वयनको सुनिश्चितताको लागी सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मुलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्नेछौ ।
७. सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्नेछौं ।
८. बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागी वार्षिक उपलब्ध आन्तरीक स्रोतका साथै प्राप्त अनुदानको निश्चित रकम लगानी गर्नेछौ ।
९. यो योजना सन्चालन गर्न संघिय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसँग सार्थक समन्वय गर्नेछौ ।
१०. समाजमा विद्यमान कुरिती जस्तै :बालबिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम र कार्यक्रम तय गरी कार्यान्वयन गर्नेछौ ।
११. स्वस्थ, सफा र पोषणमैत्री घर, गाउँ टोल र वडा अभियान सन्चालन गर्दै आगामी ४ वर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानीय तह घोषणा गर्नेछौं ।

............ अध्यक्ष

............ उपाध्यक्ष

............ प्रमुख प्रशासकीय अधिकृत

वडा अध्यक्षहरुः

अन्य सरोकारवालहरुः

CamScanner